बडीमालिका नगरपालिकाको आ व २०८२/०८३ को पहिलो नगरकार्यपालिकाको बैठक

स्थानः कार्यपालिकाको बैठक हल

दिउँसो:१:०० बजे

आज मिति २०८२ साल श्रावण महिनाको १९ गतेका दिन यस बडीमालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री अमर बहादुर खडकाज्यू को अध्यक्षतामा बसी निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णय गरियो ।

| क्र.स | नामथर | पद | कार्यपालिकाको पद | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री अमर बहादुर खडका | नगर प्रमुख | अध्यक्ष | |
| २ | श्री नन्दा कुमारी थापा | नगर उप-प्रमुख | सदस्य | |
| ३ | श्री कृष्ण बहादुर कार्की | १ नं वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री डम्बर बहादुर महत | २ नं वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री डबल बहादुर रोकाया | ३ नं वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री अर्जुन नाथ | ४ नं वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री धरमपाल मिजार | ५ नं वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री कृष्ण बहादुर खड्का | ६ नं वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री धर्मराज पाध्याय | ७ नं वडा अध्यक्ष | सदस्य | |
| १० | श्री चन्द्र बहादुर थापा | ८ नं वडा अध्यक्ष | सदस्य | |
| ११ | श्री सुर्य किरण वि.क | ९ नं वडा अध्यक्ष | सदस्य | |
| १२ | श्री बुदे ल्वार | | सदस्य | |
| १३ | श्री लक्षी वि.क | | सदस्य | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १४ | श्री राजेश वि.क | | सदस्य | Rajesh |
| १५ | श्री तुलशी गिरी नाथ | | सदस्य | — |
| १६ | श्री निर्मला वि.क | | सदस्य | [signature] |
| १७ | श्री निर्मला बडुवाल | | सदस्य | [signature] |
| १८ | श्री अम्विका वि.क | | सदस्य | [signature] |
| १९ | श्री धना देवी विष्ट | | सदस्य | Dhana |
| २० | श्री पदमबहादुर माझी | प्र.प्र.अ. | सदस्य सचिव | [signature] |
| सि न | अन्य | पद | | दस्तखत |
| 1 | पेर बडुवाल | का.वा.वडा अध्यक्ष ६ | | [signature] |
| 2 | बिमला कु.उपाध्याय | ले.का.अ.(सातौं) | | — |
| 3 | गोपाल महत | अधिकृत | | [signature] |
| 4) | विजय कुमार आले | ए.पाँचौं | | [signature] |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## बडीमालिका नगरपालिका आ व २०८२/०८३ को पहिलो नगरकार्यपालिका बैठक निर्णयहरु
मिति:२०८२ साउन १९

प्रस्तावहरु:

१. सामाजिक सुरक्षा भत्ता अपुग रकम सम्वन्धमा ।
२. करार कर्मचारीको म्याद थप तथा नयाँ करार सम्वन्धमा ।
३. वार्षिक नीति, कार्यक्रम तथा खरिद योजना स्वीकृत गर्ने सम्बन्धमा।
४. करार कर्मचारी सामाजिक सुरक्षा कोषमा आवद्धता सम्वन्धमा ।
५. शिक्षा समिति निर्णय अनुमोदन तथा समिक्षा सम्वन्धमा ।
६. विपन्न नागरिक आकस्मिक उपचार दैविक प्रकोप राहत तथा एम्बुलेन्स संचालन व्यवस्थापन सम्वन्धमा ।
७. सूचना प्रवाह, डिजिटल प्रविधि, नागरिक बडापत्र अद्यावधिक तथा सुशासन प्रवर्द्धन सम्वन्धमा ।
८. ठेक्का प्रणाली तथा बहुवर्षीय आयोजनासम्बन्धी निर्णय।
९. स्थानीय विदा सम्बन्धमा ।
१०. उपभोक्ता समिति मार्फत निर्माण हुने योजनां सम्वन्धमा ।
११. सवारी चालकको भत्ता सम्बन्धमा ।
१२.रिट निवेदन दर्ता गर्ने सम्बन्धमा ।
१३.रिट निवेदन दर्ता लगायतको अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
१४. सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान तथा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०७९ संशोधन सम्बन्धमा ।
१४. विविध ।

**निर्णयहरु :**

**निर्णय नं १:** २०८१/०८२ मा वितरण भएको सामाजिक सुरक्षा भत्ताको अपुग रकम यस पालिकाको आन्तरिक स्रोतबाट अग्रिम रूपमा खर्च भएको हुँदा उक्त रकम राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट प्राप्त पत्र च नं. ०१ मिति २०८२।०४।०१ अनुसार स्रोत पूर्ति गर्न विभागलाइ औपचारिक रूपमा माग गर्ने निर्णय गरियो। यसका लागि सम्बन्धित कागजातसहित पत्राचार गरी प्रक्रिया अघि बढाउने जिम्मेवारी पञ्जिकरण शाखालाई प्रदान गरियो ।

**निर्णय नं २:** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम बमोजिमका पदहरुमा उक्त कार्यक्रमले तोकेको दरबन्दी र कुनै संघ संस्था वा दातृ निकायसंगको सम्झौता बमोजिम दातृ निकायबाट तलब भत्ता उपलब्ध गराउने गरी तोकिएको पदको सेवा करार म्याद थप गर्ने । मन्त्रालयको स्वीकृत दरबन्दी तेरिज अनुसार रिक्त पदहरुमा लामो समयदेखि करार सेवामा नियुक्ति पाइ कार्यरत कर्मचारीहरूको सेवा निरन्तरता आवश्यक भएकाले सुदूरपश्चिम प्रदेशको स्थानीय सेवा ऐन २०८१ को दफा १५ उपदफा ३ र सुदूरपश्चिम प्रदेश सरका मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको पत्रसंख्या २०८२/०८३ चलानी नं. १४ मिति २०८२/०४/०२ प्राप्त पत्रबमोजिम प्रदेश सरकारको सहमति प्राप्त भएपछि सेवा म्याद थप गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । उक्त सहमतिको लागि आवश्यक पहल गर्न नगरप्रमुखलाई अधिकार प्रदान गरियो ।

**निर्णय नं ३:** बडिमालिका नगरपालिकाको आ.व. २०८२/०८३ का लागि तयार पारिएको वार्षिक नीति तथा कार्यक्रम र सोही अनुसारको वार्षिक सार्वजनिक खरिद योजना मस्यौदा पूर्णरूपमा छलफल भई स्वीकृत गरियो । वडा सदस्य समेतले कार्य जिम्मेवारी समेत कार्यान्वयन तालिका वडाले १५ दिन भित्र पेश गर्न निर्देशन दिने ।

**निर्णय नं ४:** नगरपालिकामा कार्यरत करार सेवाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा अनिवार्यरूपमा आबद्ध गराउने निर्णय गरियो । यसका लागि कर्मचारी विवरण संकलन, फारम भर्न, कोषमा दर्ता प्रक्रिया सञ्चालन गर्न सम्बन्धित शाखालाई जिम्मा दिइयो ।

CamScanner

**निर्णय नं ५:** शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि, पारदर्शिता, उत्तरदायित्व र प्रभावकारिता कायम गर्न नगरपालिका शिक्षा समितिबाट भएका निर्णयहरूलाई औपचारिक अनुमोदन गर्ने र शैक्षिक कार्यसम्पादनको समिक्षा तथा आगामी सुधार कार्यदिशा तय गर्न शिक्षा शाखालाई थप तपसिलको निर्देशन दिने निर्णय गरियो ।

१. आ.व. २०८१/०८२ का शैक्षिक कार्यक्रमहरूको मूल्याङ्कन गरी सुधारात्मक कार्ययोजना तपसिल अनुसार तय गरियो।

- उपस्थिति सुधार: सबै सामुदायिक विद्यालयमा ई-हाजिरी प्रणाली लागू गरिने ।
- पठनपाठन गुणस्तर: नेपाली, गणित र अङ्ग्रेजीमा नतिजा कमजोर रहेका विद्यालयमा सुधारका लागि विद्यालयमा अन्तरक्रिया गरी सुधारका लागि अभिभावक सहभागितामा सुधार कार्ययोजना बनाउन सबै "शिक्षा संवाद कार्यक्रम" प्रत्येक वडामा सञ्चालन गर्ने ।
- त्रैमासिक मूल्याङ्कन: प्रमुख शैक्षिक सूचकहरूमा आधारित रिपोर्टिङ प्रअ बैठक र शिक्षा समितिमा सुधारात्मक नतिजा समीक्षा अनिवार्य गर्ने ।

- शिक्षा योजना, प्रअ नियुक्ति, विद्यालय वर्गीकरण मापदण्ड शिक्षक दरबन्दी मिलान आदि अद्यावधिक गर्न शिक्षा शाखा र समितिका सदस्यहरूको सहभागितामा १५ दिनभित्र प्रारम्भिक मस्यौदा पेस गर्ने ।
- बार्षिक निति तथा कार्यक्रम अनुरुप नगरपालिका सामुदायिक विद्यालयमा हुने शिक्षक समस्या न्युनीकरणका लागि शिक्षक बैंक स्थापनाका लागि शिक्षक बैंक कार्यविधि २०८२ कार्यान्वयन गर्ने ।

**निर्णय नं ६:** नगरपालिकामा विपन्न, असहाय तथा दैवीप्रकोपबाट प्रभावित नागरिकहरूका लागि आकस्मिक अवस्थामा शीघ्र स्वास्थ्य सेवा, राहत तथा एम्बुलेन्स सेवा प्रभावकारी रूपमा सञ्चालन गर्ने उद्देश्यले विपन्न नागरिकहरूको आकस्मिक उपचार तथा आर्थिक सहयोग प्रयोजनका लागि विनियोजित कोष सञ्चालन कार्यविधि संशोधन गर्ने तथा कोषलाई पारदर्शी, सहज र लक्षित वर्गसम्म पुग्ने गरी गंभीरताका आधारमा स्वास्थ्य अवस्था, विपन्नता प्रमाण, सिफारिस भई सहयोग भएका सेवाग्राहीको स्पष्ट दोहोरो नहुने गरी अभिलेखीकरण प्रणाली व्यवस्थित बनाइने निर्णय गरियो ।

**निर्णय नं ७:** हाल प्रयोगमा रहेका सूचना प्रवाह SMS प्रणाली, सफ्टवेयर प्रयोग, वडा कार्यालयको इन्टरनेट सवै मातहतका कार्यालयमा इ हाजिरीको व्यवस्था, नागरिक बडापत्र अद्यावधिक गरी E नागरिक बडापत्र मार्फत सेवा, प्रक्रिया, समय, जिम्मेवार व्यक्ति र गुनासो प्रणालीसहितको बडापत्र अद्यावधिक गर्ने र नगरपालिकाको वेबसाइटमा प्रभावकारी साप्ताहिक अद्यावधिक अनिवार्य गरी सशक्त स्थानीय सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिताका लागि सूचना प्रवाह प्रणाली थप प्रभावकारी बनाउने कार्ययोजनाको मस्यौदा एक महिना भित्र कार्यपालिका बैठकमा पेस गर्न सूचना प्रविधि शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ८:** आर्थिक वर्ष २०८२/०८३ मा ५ लाखभन्दा माथिका योजना ठेक्का प्रणालीबाट मात्रै कार्यान्वयन गर्ने, ५० लाखभन्दा माथिका आयोजनालाई बहुवर्षीय आयोजना बनाई कार्ययोजना अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो । साथै यस्ता आयोजनामा विपद् जोखिम न्यूनीकरण, पर्यावरणीय प्रभाव मूल्याङ्कन तथा सम्बन्धित प्राविधिक मापदण्ड र अत्यधिक स्थानीय स्रोतको प्रयोग गर्न अनिवार्यरूपमा पालना गरिनुपर्ने व्यवस्था गर्ने योजना तथा प्राविधिक शाखालाई निर्देशन दिइयो ।

**निर्णय नं ९:** देशकै प्रमुख पर्यटकीय धार्मिक शक्तिपीठ बडीमालिका माताको मन्दिरमा हुने पुजा आरधनाको अवसरमा मिति २०८२/०४/२० र २३ गते गरी २ दिन बडीमालिका नगरपालिका र मातहतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, सेवाकेन्द्र, सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं १०:** बडीमालिका नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरु कार्यान्वयका लागि तपसिलको कार्यतालिका पारित गर्ने निर्णय गरियो ।

तपसिल

| क्र स | कार्यविवरण | समय | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समितिले सम्झौता गर्ने | २०८२ असोज मसान्तभित्र | |
| २ | उपभोक्ता समितिको खाता सञ्चालन | २०८२ कार्तिक मसान्तभित्र | |
| ३ | रु १ लाख मुनिका योजनाको अन्तिम भुक्तानी | चैत्र मसान्तभित्र | |
| ४ | रु ३ लाख मुनिका योजनाहरुको अन्तिम भुक्तानी | बैशाख मसान्तभित्र | |
| ५ | रु ३ लाख भन्दा माथिका योजनाहरुको अन्तिम भुक्तानी | जेठ मसान्तभित्र | |

CamScanner

**निर्णय नं ११:** बडीमालिका नगरपालिकामा हलुका तथा ह्याभी सवारी चालक पदमा नियुक्ति कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ताको सट्टा तपसिल बमोजिम मासिक भत्ता उपलब्ध गराने निर्णय गरियो।

तपसिलः

| क्र स | सवारी किसिम | मासिक भत्ता रकम | कैफियत |
|---|---|---|---|
| १ | एम्बुलेन्स चालक | एम्बुलेन्स सञ्चालन बापत उठेको रकमको २५ प्रतिशत | |
| २ | ट्रिपर चालक | रु २००० | |
| ३ | कृषि एम्बुलेन्स चालक | रु ७००० | |
| ४ | स्कार्पियो चालक | रु ७००० | |

**निर्णय नं १२:** सुदूरपश्चिम सरकारद्वारा जारी सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (सेवा सञ्चालन तथा गठन) ऐनको दफँ १५ ले प्रमुख प्रशासकीय अधिकृतलाई कडा भाषामा दिइएको निर्देशनले नेपालको संविधानको अनुसूची ८ र ९ मा स्थानीय तहलाई प्राप्त संवैधानिक अधिकार कुण्ठित गरेकोले उक्त ऐनको दफा १५ का प्रावधान बिरुद्ध सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं १३:** निर्णय नं १२ अनुरुपको रिट निवेदन दर्ता गर्ने अख्तियारी प्रदान गर्ने अदालती प्रकृया लगायतका सम्पूर्ण कार्य गर्न यस बडीमालिका नगरपालिकाका नगरप्रमुखलाई अख्तियार प्रदान गर्ने, साथै जिल्ला सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका वडा नं ३ बस्ने अलेरेडियण्ट ल अफिसेजमा कार्यरत कानुन व्यवसायी द्धवारीका प्रसाद प्याकुरेलको छोरी वर्ष २७ को मनिषा प्याकुरेललाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं १४.** बडीमालिका नगरपालिका भित्रका सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान तथा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०७९ को दफा ६ मा भएको शिक्षक पदपूर्ति सम्बन्धी तपसिलको व्यवस्थालाई संशोधन गरी शिक्षक पदपूर्ति सम्बन्धीको सम्पूर्ण अधिकार सम्बन्धित विद्यालयलाई हुने गरी कार्यविधि संशोधन गरिएको निर्णय गरियो।

तपसिलः

| क्र स | पहिलेको व्यवस्था | संशोधन गरिएको हालको व्यवस्था |
|---|---|---|
| १ | ग) विद्यालयमा नगरपालिकाको अनुदानबाट शिक्षकको पदपूर्ति गर्नका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ :<br>१ विद्यालय व्यवस्थापन समिति अध्यक्ष - संयोजक<br>२ नगर प्रमुखले तोकेको सम्बन्धीत विषयको विशेषज्ञ - सदस्य २ जना<br>३ शिक्षा शाखाको प्रमुख वा निजले तोकेको शिक्षा शाखाको कर्मचारी- सदस्य<br>४. सम्बन्धित विद्यालय प्र.अ.- सदस्य सचिव | ग) विद्यालयमा नगरपालिकाको अनुदानबाट शिक्षकको पदपूर्ति गर्नका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ :<br>१. विद्यालय व्यवस्थापन समिति अध्यक्ष वा निजले तोकेको मो समितिको सदस्य - संयोजक<br>२. नगर प्रमुखले तोकेको सम्बन्धीत विषयको विशेषज्ञ - सदस्य १ जना<br>३. सम्बन्धित विद्यालय प्र.अ.- सदस्य सचिव |
| २ | छ. विषय विज्ञद्वारा निर्मित प्रश्नपत्रहरूलाई शिक्षा शाखा प्रमुखले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ समेत समावेश गरी, मोडरेशन गरी प्रश्नपत्रलाई अन्तिम रूप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राख्नेछ। | छ. विषय विज्ञद्वारा निर्मित प्रश्नपत्रहरूलाई सम्बन्धीत विद्यालयले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ समेत समावेश गरी, मोडरेशन गरी प्रश्नपत्रलाई अन्तिम रूप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राख्नेछ। |
| ३ | झ शिक्षक छनौट समितिको सचिवालय न पा को शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ। | झ. शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालय रहनेछ। |

CamScanner

१५. विविधः

**विविध निर्णय नं. १०.१** सबै निर्णयहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सम्बन्धित शाखाले मासिक प्रगति प्रतिवेदन नगर प्रमुख मार्फत कार्यापालिका समक्ष पेस गर्नुपर्ने व्यवस्था गर्न प्रमुख प्रशासकीय अधिकृतलाइ निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.१५.२:** बडीमालिका नगरपालिका र एचआर सि बाजुराको साझेदारीमा बडीमालिका नगरपालिको स्थानीय विपद जोखिम न्यूनिकरण तथा जलवायु उत्थानशिल कार्यढाँचा (LDCRF) निर्माण कार्य सम्पन्न भई नगरकार्यपालिकामा छलफल भई स्वीकृत गरियो ।

**निर्णय नं.१५.३:** यस कार्यालयलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउने प्रयोजनका लागि सिफारिस गर्दा वास्तविक गरिब तथा विपन्न वर्ग हो वा होइन सिफारिस गर्ने पदाधिकारी स्वयं स्पष्ट हुनुपर्ने। सोही प्रयोजनका लागि अन्य निकायबाट राहत तथा आर्थिक सहायता लिएको छ, छैन सिफारिस गर्ने पदाधिकारी स्पष्ट हुनुपर्ने र निवेदकबाट अनिवार्य स्वघोषणापत्र लिनुपर्ने। वडास्तरीय जनप्रतिनिधि तथा वडासचिवको रोहवरमा राहत तथा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने औचित्य र कारणसहित कम्तीमा ५ जनाको टोल मुचुल्का र विपद तथा दैवी प्रकोप पीडितको हकमा प्रहरी मुचुल्का अनिवार्य रुपमा संलग्न गरी सिफारिस गर्न वडा कार्यालयलाई निर्देशन गर्ने।

**निर्णय नं १५.४:** बडीमालिका नगरपालिका बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि २०७९ को तपसिल बमोजिमका दफा तथा बुँदाहरु संशोधन गरीएको निर्णय पारित गरियो ।

**तपसिलः**

| क्र सं | कार्यविधिमा उल्लेख भएको बुदा | संशोधन भएका बुदाहरु | कैफियत |
|---|---|---|---|
| | यो कार्यविधिको नाम "बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७९ " रहेको छ। | यो कार्यविधिको नाम " एकिकृत बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७९ " रहेको छ। | |
| | अधिकारको संरक्षण प्रचलन तथा सम्बर्धन गर्ने र दायित्व निर्वाहको व्यवस्था । | एकिकृत बाल अधिकारको संरक्षण, सम्वर्धन गर्ने र दायितुव निर्वाहको व्यवस्था । | |
| | नेपालको संविधानको धारा 226 ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 102 ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ। | नेपालको संविधानको धारा २२६को उपधारा १, बाललवालिका सम्बन्धी ऐन २०७५को दफा ६० को उपदफा ३, बालबालिका नियमावली २०७८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ । | |
| | "बाल सञ्जाल" भन्नाले नगर स्तरमा गठीत बालकक्वलाई सम्झनु पर्छ । | "बाल सञ्जाल" भन्नाले" नगर स्तरमा गठीत बालकक्वहरु बाट बनेको नगर स्तरियमा गठन भएको बाल सञ्जाललाई सम्झनु पर्छ । | |
| | १. बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः (१) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने पालिका भित्रका सबै सार्वजनिक | बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः (१) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने पालिका भित्रका विद्यालयहरु, सबै | |

| | | |
|---|---|---|
| | निकाय, सामाजिक संघसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा अपाङ्गतामैत्री एवम् बालमैत्री हुने गरी व्यवस्था मिलाइने छ। | सार्वजनिक निकाय, सामाजिक संघसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा अपाङ्गतामैत्री एवम् बालमैत्री हुने गरी व्यवस्था मिलाइने छ। |
| | बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्धः (१) स्थानीय तहभित्र फेला परेका विशेष संरक्षणका आवश्यकता भएका<br><br>बालबालिका मध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका<br><br>बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएमा उक्त बालबालिकालाई संरक्षण गर्ने प्रयोजनका लागि<br><br>ऐनको दफा ४९ (२) को खण्ड (क), (ख) र (ग) बमोजिम एवम् बालबालिका सम्बन्धी नियमावली, २०७८ को परिच्छेद<br><br>६ को नियम ५३ देखि ६१ सम्मको व्यवस्था बमोजिम गर्नुपर्नेछ। | ८ <u>बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्धः</u> (१) स्थानीय तहभित्र फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिका मध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएमा उक्त बालबालिकालाई संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ (२) को खण्ड (क), (ख) र (ग), (घ) (ङ), (च) र (छ) बमोजिम एवम् बालबालिका सम्बन्धी नियमावली, २०७८ को परिच्छेद ६ को नियम ५३ देखि ६१ सम्मको व्यवस्था बमोजिम गर्नुपर्नेछ । |
| | | १. ऐनको दफा ४९ (२) को खण्ड (क), (ख) र (ग), (घ) (ङ), (च) र (छ) बमोजिम एवम् बालबालिका सम्बन्धी नियमावली, २०७८ को परिच्छेद ६ को नियम ५३ देखि ६१ सम्मको व्यवस्था बमोजिम गर्नुपर्नेछ । |
| | १५. बाल सहभागिताको अभ्यासः (१) बडीमालिका नगरपालिकाले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकाहरुलाई उनीहरूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय तथा सार्वजनिक निकायबाट सम्पादन | १५. बाल सहभागिताको अभ्यासः (१) बडीमालिका नगरपालिकाले आफ्नो धारणा व्यक्त गर्न सक्ने बालबालिकाहरुलाई उनीहरूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय तथा सार्वजनिक निकायबाट सम्पादन गरिने कार्यहरूको |

| | | | |
|---|---|---|---|
| | गरिने कार्यहरूको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गरिनेछ। | प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गरिनेछ। | |
| | १७.स्थानीय बाल अधिकार समितिको गठनः<br>(ट) नभएको | १७.स्थानीय बाल अधिकार समितिको गठन<br>(ट) स्थानीय सञ्चारकर्मी बाट मनोनीत १ जना<br>– सदस्य | |
| | (क) वडिमालिका तहमा स्थानीय नगर बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम थप कामगर्दा अझ राम्रो हुनेछः–<br>१. समितिको दिर्घकालिन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, | (ख) वडिमालिका तहमा स्थानीय नगर बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम थप कामगर्दा अझ राम्रो हुनेछः–<br>१ समितिले बालबालिका सम्बन्धी वार्षिक योजना तथा कार्यक्रम तयार गरी लागु गर्ने । | |
| | वडीमालिका नगरपालिका भित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री, बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने, | वडीमालिका नगरपालिका भित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री, अपांगता र लैङ्गीक मैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमां गर्ने गराउने, | |
| | २२ .कोष सञ्चालक समितिः<br>नगर प्रमुख स्थानीय बाल अधिकार समिति - संयोजक | २२ .कोष सञ्चालक समितिः<br>नगर उप प्रमुख स्थानीय बाल अधिकार समिति - संयोजक | |
| | अनुसुची ७ सम्म मात्र रहेको | अनुसुची ८ र ९ को ढाँचा १ देखि ९ सम्म थप भएको । | |
| | दफा २० को बुदा १ र २ नभएको | १. वडीमालिका नगरपालिका भित्रका प्रत्यक वडामा सम्बन्धीत वडाका टोलहरु समेटीने गरी वडा स्तरीय बालक्लवहरु गठन गरीनेछ ।<br>२. नगरभित्रका वडा स्तरीय बालक्लवहरुको प्रतिनिधीत्व रहने गरी नगर स्तरीय बाल सञ्जाल गठन गरीने छ । | |
| | | | |

CamScanner